# जोरायल गाउँपालिका
## (Jorayal Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (Office of The Rural Municipal Executive)

रावतकट्टे, डोटी
Rawatkatte, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. २०७८/०७९
सूचना नं. ८१

### रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।
(प्रथम पटक प्रकाशित मिति: २०७९।०३।२९)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. २०७९/०८०, च.नं. ३६३, मिति २०७९।०३।२२ गतेको पत्रानुसार यस जोरायल गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र यस गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०८२७१०१३४६८३६१०६ मा राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १६-२०७८/०७९ | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौं तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव:
   (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
   (ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
   (ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

२. दरखास्त दिने स्थान: जोरायल गाउँपालिकाको कार्यालय, रावतकट्टे, डोटी ।

३. दरखास्त दिने अन्तिम मिति: २०७९।०४।११ गते कार्यालय समयभित्र ।

४. आवेदनको दस्तुर: रु. ५००।० (पाँच सय मात्र)

५. छनौटको किसिम: प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

६. आवेदन साथ संलग्न कागजातहरु: आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु:
   (क) नागरिकता
   (ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   (ग) चारित्रिक प्रमाणपत्र
   (घ) तालिमको प्रमाणपत्र
   (ङ) अनुभव भए सो को कागजात
   (च) २ प्रति पासपोर्ट फोटो

७. सेवा सुविधा तथा अन्य: स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

नोट:- आवेदनको ढाँचा, रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईट www.pmep.gov.np र जोरायल गाउँपालिकाको वेबसाईट www.jorayalmun.gov.np बाट उपलब्ध हुनेछ ।



CamScanner